## कालीमाटी गाउँ कार्यपालिकाको तेश्रो बैठक

आज मिति २०८१।५।३० गतेका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्रि के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजीमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद पौड्याल | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

**सहयोगि कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौं | |
| २ | श्री एकलाल राना | लेखापाल | |
| ३ | श्री दीप बहादुर वली | एमआईएस अपरेटर | |
| ४ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

**प्रस्तावहरु:**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२ प्रतिनिधि तोक्ने सम्बन्धमा।

३ विद्युतिय चुल्हो सम्बन्धमा।

४ सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधिको मस्यौदा सम्बन्धमा।

५ विविध सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको दोश्रो बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो।

**निर्णय नं. २**

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ५ नक्साल स्थित बिकोई जयवागेश्वरी सिस्ने जे. भि. समेतले यस कालीमाटी गाउँपालिका र कालीमाटी गाउँ कार्यपालिकाको कार्यालय रामपूर सल्यान समेतलाई विपक्षि बनाई उच्च अदालत पाटनमा उत्प्रेषण परमादेश मुद्दा (रिट नं. ०८१-wo- ०३५०) दायर गरेको र कालीमाटी गाउँपालिका रामपूर सल्यान तथा कालीमाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रामपूर सल्यानका नाममा उच्च अदालत पाटनबाट लिखित जवाफ पेश गर्न १५ दिने म्याद मिति २०८१।५।२५ गते तामेल भएकोले गाउँपालिका तथा गाउँ कार्यपालिकाको कार्यालय रामपूर सल्यानको तर्फबाट लिखित जवाफ पेश गर्न, निवेदन दिन, कानून व्यवसायी मुकरर गर्न लगाएका यस मुद्दा संग सम्बन्धित सम्पूर्ण कार्य गर्नको लागि प्यूठान जिल्ला वांगेमरोट गाविस वडा नं १ घर भई हाल ललितपूर जिल्ला ललितपूर महानगरपालिका वडा नं १५ बस्ने वर्ष ४९ को अनिता सिं जि सी लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

कालिमाटी गाउँपालिका अन्तर्गत राष्ट्रिय प्रशारण लाईन मार्फत विद्युतिय पहुँच विस्तार भएका स्थानहरुका वासिन्दाहरुका लागि स्वच्छ उर्जाको उपयोग गरी आयातित ईन्धनको विस्थापन गर्नका लागि सुन्दर नेपाल संस्था

सुर्खेत संग कालिमाटी गाउँपालिका र स्थानीय समुदायको साझेदारीमा विद्युतिय चुल्हो वितरण कार्य संचालन गर्ने सो को लागि आ व २०८१/८२ को वार्षिक बजेट को साझेदारी शिर्षकबाट रु ७०००००। पालिकाको तर्फबाट विद्युतिय चुल्हो वितरण कार्यक्रमलाई छुट्याउने गत वर्ष जस्तै यस वर्ष पनि प्रति चुल्हो रु २०००। का दरले पालिकाको तर्फबाट अनुदान उपलब्ध गराउने भनि सर्वसम्मतबाट निर्णय गरियो।

**निर्णय नं. ४**

सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि २०८१को मस्यौदा माथि छलफल भै सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि २०८१लाई सर्वसम्मत रुपमा पारित गरियो ।

**निर्णय नं. ५**

विविध प्रस्ताव उपर आवश्यक छलफल हुँदा निम्न बमोजिम निर्णय सर्वसम्मत रुपमा गरियो।

क. कालिमाटी गाउँपालिका अन्तर्गत रहेका स्थानीय सडकहरु वर्षाका कारण अवरुद्ध भएकोले प्राविधिक मूल्यांकन बमोजिम जिल्ला दररेट बमोजिम घटिघटाउमा काम गर्नको लागि सात दिनको सुचना प्रकाशन गरी सवैभन्दा कम दररेट प्रस्ताव गर्ने ब्याकहो लोडरलाई प्राथमिकता दिई सोही दररेटमा विनियोजित बजेटको परिधि भित्र रहि तपसिल बमोजिम सडकहरुलाई पहिलो प्राथमिकतामा गर्ने निर्णय गरियो।

तपसिल

१. ढुंगेकटेरी पोखरा कालिमाटी सडक कालिमाटी १
२. घुम्ति टावर सडक तारिके निगाले
३. सुकेताल भान्टाकुरा कालिमाटी २
४. मिलनचोक कालाखोला किमिरे कालिमाटी २ र ३
५. पातिहाल्ना किचेनखोला हल्दे कालिमाटी २
६. खैरेनी छापडाँडा
७. घुरचौर बगर
८. असुरेनी गैरीगाउँ
९. जलुके हात्तिदमार
१०. बेलतरी खैरला मधुबन
११. जोगिलोसे छरछरे काफलनेटी काफलनेटी सिरेनी कुर्मी

१२. कुर्मी छरछरे

१३. लेखझिंग्नी एकराते

१४. जुमखोला छरछरे

१५. जुमखोला मदुवन हात्तिढुंगा बाटुल्ले स्वामीवास

१६. पालिका मजाउ अग्नैचौर चौडी जुगेना पैयाँकाँडा

१७. ढुंगेकटेरी टोटाबाँझ जर्खु

ख. सहकारी छानविन समितिले माग गरे बमोजिमको विवरण कालिमाटी गाउँपालिका स्थित सबै सहकारी संस्थाबाट माग गरी पेश गर्न सहकारी शाखाका प्रमूख र सूचना प्रविधि अधिकृतलाई जिम्मेवारी तोक्ने।

ग. २०८० सालको SEE परिक्षामा यस कालिमाटी गाउँपालिकाबाट सल्यान जिल्लामा प्रथम र तृतिय स्थान हासिल गरेकोले छात्रवृत्ति बजेट कार्यक्रमबाट उत्कृष्ट अंक ल्याउने छात्र/छात्रालाई जिल्ला स्तरिय SEE परिक्षामा प्रथम स्थान प्राप्त गर्ने विद्यार्थिलाई रु ७५०००। र तृतिय हुनेलाई रु ५००००। छात्रवृति उपलब्ध गराउने।

घ. देहाय वमोजिमका योजनाको नाम त्रुटीवस फरक परेकोले नाम संशोधनको लागि कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा अनुरोध गरी पठाउने।

| क्र सं. | साविक | | हाल कायम हुने | |
|---|---|---|---|---|
| | योजनाको नाम | बजेट | योजनाको नाम | बजेट |
| १ | कबैतरा सिंचाई योजना | १५०००००। | घट्टेतरा सिंचाई योजना वडा नं ३ | १५०००००। |

ङ. कालीमाटी गाउँपालिका वडा नं ५ दमदुवाली बस्ने वडा नं ५का निवर्तमान वडाध्यक्ष श्री चन्द्र बहादुर गाहाको बुबा श्री प्रेम बहादुर गाहाको मिति २०८१।५।२७ गते असामयीक निधन भएकोले निज मृतक प्रति कालीमाटी गाउँपालिकाको तर्फबाट हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरियो।

च. मिति २०८१।५।२ गतेका दिन अविरल वर्षाको कारण वालुवा कदमघारी खोलामा आएको बाढीले यस कार्यालयको नामको भे१व २००१ नं को मोटरसाईकल खोलाले बगाई मर्मत गर्नु पर्ने भएकोले सोको मरमत विल बमोजिमको रकम रु १७५००। भुक्तानी गर्ने ।

निर्णय प्रमाणित भयो।

बहादुर ... (के.सी.)
...उँपालिका अध्यक्ष